ऐन नं. २

# सोताङ गाउँपालिकाको विनियोजन ऐन, २०७४

गाउँ सभाबाट स्वीकृत मिति : –२०७४।०५।१३

सोताङ  गाउँपालिका

सोलुखुम्बु ।

**सोताङ गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीयसञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः**सोताङ गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सोताङ गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **" सोताङ गाउँपालिकाको विनियोजन ऐन, २०७४"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, ससर्त अनुदान, बिषयगत अनुदान आन्तरिक आम्दानी र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १७,०६,४२,२६७ ( अक्षेरुपी सत्र करोड छ लाख बयालिस हजार दुई सय सतसठ्ठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त सोताङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय

व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४) अनुसूची २ मा रहेको ब्यय अनुमानका आधारमा गाउँपालिकाले चालु, पुँजिगत, र जगेडा कोषमा रहेको खर्च शिर्षक अन्तर्गत खर्च गर्नेछ ।

तर ससर्त अनुदानको चालु तथा पँजिगत खर्चको हकमाअनुसूची ७, बिषयगत कार्यालयको चालु तथा पुँजिगत खर्चका हकमा अनुसूची ४ अनुसार नै खर्च गरिने छ ।

५) गाउँपालिका तथा बडा कार्यालयहरुले संचालन गर्ने आयोजना अन्तर्गतको पुँजिगत खर्च अनुसूची ३ को अधिनमा रही गर्ने छ ।

६) बजेटमा ब्यवस्था भए अनुसारको संघ, संस्थाहरुले बजेटमा स्वीकृत कार्यक्रमको हकमा खर्च गर्दा अनुसूची ६ बमोजिम गर्नेछ । साथै बजेटमा व्यवस्था नभएका अन्य सरकारी, गैरसरकारी संघ, संस्थाहरुले कुनै कार्यक्रम गर्दा गाउँ कार्यपालिकाबाट अनुमती लिएरमात्र कार्यक्रम तथा खर्च गर्न सक्नेछन् ।